संघीय संसद

प्रतिनिधि सभा

# कानून, न्याय तथा मानव अधिकार समिति

बैठक सङ्ख्या: ३०
स्थानः समिति सभाकक्ष (काठघर नम्बर २), सिंहदरबार

मितिः २०८० चैत २२ गते बिहीवार
बैठक प्रारम्भः ११:२५ बजे, अन्त्यः १३:०० बजे

प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७३ बमोजिम गठित कानून, न्याय तथा मानव अधिकार समितिको बैठक समितिका माननीय सभापति श्री बिमला सुवेदीको सभापतित्वमा आज बस्यो। बैठकमा उपस्थिति, छलफलको विषय र निर्णय देहायबमोजिम रहेको छः-

<u>उपस्थितिः-</u>

| क्रम | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| १. | मा. श्री बिमला सुवेदी | |
| २. | मा. श्री गोमा लाभ (सापकोटा) | |
| ३. | मा. श्री चन्द्र बहादुर विश्वकर्मा | |
| ४. | मा. श्री जीवन परियार | |
| ५. | मा. श्री ध्रुव बहादुर प्रधान | |
| ६. | मा. श्री नागिना यादव | |
| ७. | मा. श्री नैनकला थापा | |
| ८. | मा. श्री पुष्प बहादुर शाह | |
| ९. | मा. श्री पूर्णबहादुर घर्ती | |
| १०. | मा. श्री प्रतिक्षा तिवारी | |

| | | |
|---|---|---|
| ११. | मा. श्री महेश कुमार बर्तौला | |
| १२. | मा. श्री मंगल प्रसाद गुप्ता | |
| १३. | मा. श्री रन्जु कुमारी झा | |
| १४. | मा. श्री रमेश लेखक | |
| १५. | मा. श्री रामकुमार राई | |
| १६. | मा. डा. सुनिल कुमार शर्मा | अनुपस्थित रहने सूचना प्राप्त भएको |
| १७. | मा. श्री शेर बहादुर कुँवर | |
| १८. | मा. श्री शेर बहादुर देउवा | (अनुपस्थित) |
| १९. | मा. श्री सन्तोष परियार | |
| २०. | मा. श्री सुशिला थिङ | |
| २१. | मा. श्री सोबिता गौतम | |

पदेन सदस्यः-

| क्रम | पद, नाम र थर | हस्ताक्षर |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' | |
| २. | माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री पदम गिरी | |

आमन्त्रितः-

| क्र.स. | पद, नाम र थर | हस्ताक्षर |
|---|---|---|
| १. | श्री पद्मप्रसाद पाण्डे (महासचिव, संघीय संसद) | |
| २. | डा. रोजनाथ पाण्डे (सचिव; संघीय संसद सचिवालय) | |
| ३. | श्री फणिन्द्र गौतम (सचिव; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय) | |
| ४. | सुरज कुमार दुरा से.हि. संघीय संसद सचिवालय | |
| ५. | सीता कार्की वाठेल " " | |
| ६. | कविता मिश्र " " | |
| ७. | सिर्जना बराल " | |
| ८. | त्रिविक्रम पराजुली " " | |
| ९. | तुलराज खनाल " " | |
| १०. | श्री मान बहादुर अर्याल, सहसचिव कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | |
| ११. | प्रकाश न्यौपाने, उपसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | |
| १२. | | |

छलफलको विषयः-

१. केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको दफावार छलफल ।

२. केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा संघीय संसद सचिवालयसँग सम्बन्धित विषय एवम् दफाहरूका सम्बन्धमा छलफल ।

३. विविध ।

छलफल तथा निर्णयः-

१. समितिको आजको बैठकमा समितिमा प्राप्त केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको दफावार छलफल भयो ।

बैठकको प्रारम्भमा यस विधेयकको दफा ६१ देखि अन्तिम दफा ८१ सम्म दफावार छलफल भयो । समितिमा छलफल भएका विधेयकका दफाहरूका सम्बन्धमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री पदम गिरीले मन्त्रालयको तर्फबाट आफ्नो धारणा राख्नुभयो । यसका साथै यस विधेययकमा रहेका आनुषङ्गिक र प्राविधिक विषयसँग सम्बन्धित दफाहरूको छलफल समाप्त भयो ।

यस सम्बन्धमा देहायबमोजिम निर्णय भयोः-

विधेयकमा रहेका आनुषङ्गिक एवम् प्राविधिक विषय मिलाउने किसिमका दफाहरू विधेयकमा भएअनुसार नै पारित गर्ने तर संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूका प्रस्तावहरूसँग सम्बन्धित तथा बैठकको छलफलका क्रममा थप छलफल गर्नुपर्ने भनी पहिचान गरिएका दफाहरूसँग सम्बन्धित मन्त्रालय तथा निकायहरूलाई समितिका आगामी बैठकहरूमा आमन्त्रण गरी थप छलफल गर्ने ।

२. केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा संघीय संसद सचिवालयसँग सम्बन्धित विषय एवम् दफाहरूका सम्बन्धमा छलफल भयो । संघीय संसद सचिवालयसँग सम्बन्धित विषय एवम् दफाहरूका सम्बन्धमा संघीय संसदका महासचिव डा. पद्मप्रसाद पाण्डे र सचिवालय सचिव श्री रोजनाथ पाण्डेले संघीय संसद सचिवालयसँग सम्बन्धित विधेयकका दफाहरू र संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूको संशोधन प्रस्तावका विषयमा सचिवालयको तर्फबाट आआफ्ना धारणा राख्नुभयो । छलफलमा माननीय सदस्य श्री सन्तोष परियार, माननीय सदस्य श्री महेश कुमार बर्तौला, माननीय सदस्य श्री सुशिला थिङ, माननीय सदस्य श्री नागिना यादव, माननीय सदस्य श्री पूर्णबहादुर घर्ती, माननीय सदस्य श्री प्रतिक्षा तिवारी र माननीय सदस्य श्री सोबिता गौतमले आआफ्ना धारणा राख्नुभयो । माननीय सदस्यहरूले राख्नुभएका विषयमा संघीय संसदका महासचिव डा. पद्मप्रसाद पाण्डे र सचिवालय सचिव श्री रोजनाथ पाण्डेले सचिवालयको तर्फबाट प्रष्ट पार्नुभयो ।

समितिमा छलफल भएका विषयका सम्बन्धमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री फणिन्द्र गौतमले सरकारको तर्फबाट आफ्नो धारणा राख्नुभयो । तत्पश्चात् माननीय सभापतिले समितिको आजको बैठक अन्त्य गर्नुभयो ।

................ (अधि राज राई) समितिको सचिव

..................... (बिमला सुवेदी) सभापति